**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# कोभिड - १९ को परीक्षण तथा उपचार खर्च व्यक्ति स्वयम्ले व्यहोर्नु पर्ने

## नि:शुल्क परीक्षण तथा उपचार सेवा पाउने व्यक्तिहरु

१. आर्थिक रुपमा विपन्न
२. अशक्त तथा असहाय नागरिकहरु
३. एकल महिला
४. अति अपांगता भएका नागरिकहरु
५ ज्येष्ठ नागरिकहरु
६. अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीहरु
७. सरसफाई कर्मचारीहरु
८. सुरक्षाकर्मीहरु
९. जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरु






*तर, उल्लेखित व्यक्तिले कोरोना बीमा गरेको भएमा परीक्षण र उपचार खर्च निजको बीमा रकमबाट व्यहोरिनेछ । अन्य सबै किसिमका व्यक्तिको परीक्षण तथा उपचार व्यक्तिको आफ्नै खर्चमा गर्नुपर्नेछ ।*

यो निर्णय २०७७ कार्तिक २ गतेबाट भर्ना तथा परीक्षण हुनेहरुमा सबै किसिमका सरकारी, गैह्र सरकारी अस्पताल तथा प्रयोगशालाहरुमा लागु हुनेछ ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/355630519083619

# नेपाल अपडेट



काभ्रेको कोशीपारिको विद्यालयमा विद्यार्थीलाई हात धुन सिकाउँदै एक विद्यालय एक नर्स कार्यक्रमको नर्स शिक्षक

तस्विर: केशवराज पौडेल

**परिक्षण**

पिसिआर परिक्षण: १३,००,९१८

पोजेटिभ: १,३६,०३६

उपचाररत: ४०,७७८

मृत्यु : ७५७

सन्चो भएका : ९४,५०१




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



कोभिड - १९ का बिरामीको होम आईसोलेशनमा मृत्यु भएमा परिवारले नै व्यवस्थापन गर्ने भनेको छ । व्यवस्थापन चाहीँ कसरी गर्ने हो ?

कोभिड - १९ का बिरामीको होम आईसोलेशनमा मृत्यु भएमा आफन्तले स्थानीय प्रतिनिधी र प्रहरीलाई खबर गरेर सुरक्षा सावधानी अपनाई अन्तिम संस्कार गर्नु पर्दछ । यस्तो कार्यमा बच्चा र ६० वर्ष भन्दा माथीका ज्येष्ठ नागरिक लगायत जोखिम समुहमा पर्ने व्यक्ति समावेश हुनु हुदैन । पञ्जा, मास्क, पुरा बाहुला भएको गाउन प्रयोग गरी शवलाई wrap गर्ने र Body Bag मा राख्ने काम सम्बन्धित आफन्तले नै गर्नु पर्दछ । शव बाहन नभएको स्थानमा शव बोक्न प्रयोग हुने साधन (खट) बोक्ने व्यक्तिले मृत शरीर नछुने गरी बनाउनु पर्दछ ।

स्रोत: https://drive.google.com/file/d/1kU_EZ3AYg0dWwODiCPE9iPw83duj4xST/view



सरकारले सार्वजनिक यातायातमा सबै सिटमा यात्रु राख्न पाउने भने पछी भाडा पनि घटाउनु पर्ने हैन र ? ५०% बढी नै भाडा लिईरहेकाछन् त ।

नेपाल सरकार मन्त्रिपरिषदको २०७७ असोज २६ गते भएको निर्णय अनुसार, सार्वजनिक यातायातले स्वास्थ्य मापदण्ड पालना गर्ने गरी पूर्ण क्षमतामा यात्रु राख्न पाउनेछन् भनेको छ । साथसाथै, भाडादर पनि साविककै निर्धारण गरिएको छ । यसको मतलब ५०% बढी भाडा लिन नपाउने भनिएको हो । तसर्थ पुरानै भाडादरमा यातायात सञ्चालन गर्ने भनेको हो । यदी कसैले यात्रुसँग तोकिए भन्दा बढी भाडा असुली गरेमा कारवाहीको लागि नजिकैकै ट्राफिक प्रहरीलाई जानकारी गराउन सकिन्छ ।

स्रोत: https://cutt.ly/Bgjd7ok



सुदूरपश्चिम प्रदेशमा अब जम्मा २३ जना कोरोना संक्रमित विरामीको मात्रै उपचार संभव छ रे ।

प्रदेश स्वास्थ्य निर्देशनालय डोटीले शुक्रबार साँझ सार्वजनिक गरेको तथ्याङ्क अनुसार सुदूरपश्चिममा २३ बेडको आइसियू र १५ वटा भेन्टिलेटर मात्रै उपलब्ध छ । सेती अस्पतालमा १५ बेडको आईसीयू र महाकालीमा ८ बेड गरी २३ बेडको आईसीयू रहेको स्वास्थ्य निर्देशनालयले जारी गरेको तथ्याङ्कमा उल्लेख छ । यो तथ्याङ्कले सुदूरपश्चिम प्रदेशमा बढिमा कोरोना भाइरसका २३ जना गम्भिर बिरामीको मात्रै उपचार सम्भव रहेको स्पष्ट पारेको छ ।

स्रोत: नरेन्द्र कार्की, सूचना अधिकारी, सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय



वैदेशिक रोजगारीबाट फर्केका युवालाई बैंकले सहुलियत कर्जा दिन्छ रे ।

श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना काम गरी नेपाल फर्केका, तर कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति नलिएका व्यक्तिले "वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा" लिन पाउँछन् । यसको लागि सम्बन्धित व्यक्तिले उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्तावना पेश गर्नु पर्दछ । यसरी सरकारले उपलब्ध गराउने कर्जामा सम्बन्धित बैंक तथा वित्तिय सँस्थाले आफ्नो आधार दरमा दुई प्रतिशत बिन्दु भन्दा बढी नहुने गरी ब्याज कायम गर्नु पर्नेछ ।

स्रोत: https://cutt.ly/lgjw1ev

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,४२,२०२ संक्रमित | १,१६,१४६ संक्रमित | ७७,९०२ संक्रमित | १,२९,६७१ संक्रमित | १,१५,६०२ संक्रमित | १,१०,५९४ संक्रमित | ३१,३६३ संक्रमित | २५,२७५ संक्रमित |
| ४,१०७ नेपाली संक्रमित | १,७३५ नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २४,३०४ नेपाली संक्रमित | २,४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ५२ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३७ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## साउदी अरब र यूएई सम्बन्धी ३ जानकारी

१. साउदी अरबमा Exit Visa लिएर बस्नु भएका र भिषा Expire भएकाहरूको ३१ अक्टोबर २०२० सम्मको लागि जरिवाना बिना Extension हुने भएको छ ।

२. यूएईमा २०० जना सम्म बस्न मिल्ने सोसियल ईभेन्टहरूलाई अनुमति दिने भएको छ । यसको मतलब अब यो महामारी पछी यूएईमा सामाजिक जमघट गर्ने क्रम सुरु हुने छ ।

३. यूएईमा RTA ले ग्लोबल भिलेजको लागी बस सेवा सुरु गरेको छ भने, अब बर दुवई देरा लाई जोड्ने सस्तो दरको डुँगा पनि पुन: संञ्चालन गरिने भएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

- औषधी तथा स्वास्थ्य उपकरण — रु. १,७५,५२,४०,०००
- क्वारेन्टाईन व्यवस्थापन — रु. ४,६९,४६,०००
- स्वास्थ्य बीमा — रु. २,९३,८८,९६,०००
- अन्य — रु. १,२४,७३,०००
- मानव स्रोत साधन परिचालन — रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

**रकम निकासा** | **खर्च भएको रकम**



# $ फलो द मनी - खर्चको अर्थ

## स्वास्थ्य केन्द्रहरुको क्षमता बृद्धि गरी स्वास्थ्य सेवा सुधार गर्नेतर्फ सरकारको प्रयास




कोभिड - १९ का संक्रमितको संख्या बृद्धी भएपछी अस्पतालको क्षमतालाई उच्च ध्यान दिनुपर्दछ । सोही अनुरुप नेपाल सरकारले प्रदेश नं. १, प्रदेश नं. २ र बागमती प्रदेशमा बेडको संख्या थप्न १० अर्ब १० करोड रकम निकासा गरेको छ । यस अन्तरगत ३३ जिल्लाका ११८ पालिकामा १२१० बेड थप गरिनेछन् । बागमती प्रदेशमा दुबै संकृय संक्रमित र जम्मा संक्रमितको संख्या सबैभन्दा धेरै छ । त्यसै गरेर जम्मा संक्रमितको हिसाबले प्रदेश नं. २ दोस्रो स्थानमा छ भने, सकृय संक्रमितको हिसाबले प्रदेश नं. १ दोस्रो स्थानमा छ । यदि यो रकमलाई सहि सदुपयोग गर्ने हो भने, स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न ठुलो सहयोग पुग्नेछ । वित्तिय व्यवस्थापनमा ध्यान पुऱ्याएर अहिलेको महामारीसँग जुध्न यो प्रयास अन्य प्रदेशमा पनि आवश्यक छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# १२ दिन हिडेर आईपुगे, अब गाउँ छोड्न नपरे हुन्थ्यो



गाउँका करिब १ दर्जन साथीहरु पैसा कमाउन भनेर २०७६ मंसिर महिनामा भारतको उत्तराखण्ड प्रदेशको लोहाघाट गएका थियौं । तर, विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस र लकडाउनका कारण चैतदेखि नै काम नपाएर बेरोजगार बस्नुपर्‍यो । त्यहाँ खान बस्न नै मुस्किल हुन थाल्यो । पुरै भारतभरी कोरोनाको जालो फैलिसकेको थियो । अन्तत: २०७७ वैशाख १६ गते हामीले त्यहाँबाट पैदलयात्रा गरेर नेपाल फर्कने तयारी गर्‍यौं । १६ गते साँझ ८ बजे हिडेका हामी, बाटो बिर्सिएर १७ गते बिहान पुन: सोही ठाउँमा पुग्यौं ।

१७ गते बिहान हामी सडकै सडक हिड्न थाल्यौं । जंगलमा पुगेपछि बँदेलले भर्खर बच्चा जन्माएको रहेछ । त्यसले हामीलाई लखेट्यो । हामी मध्ये केहीलाई चिथोर्‍यो पनि । त्यहाँबाट भागेर केहि पर पुगेपछि एकजना व्यक्तिसँग भेट भयो र उहाँको घरमा गएर केहि खानेकुरा खायौं । खायौं पनि के भन्नु, अलिअलि चाख्यौं । पेट भर्नेगरी खान त कहाँ पाउनु ? १७ गते पनि रातभर हिड्यौं । अप्ठेरो भिर पखेराहरुबाट हिड्दा मन झसँग हुन्थ्यो । पखेराहरुको यात्रा गर्दा केही साथीहरुलाई डोरीले समेत तान्नुपर्‍यो ।

यस्तो लाग्थ्यो, जिन्दगीको सबैभन्दा ठुलो बज्रपात हामीले भोग्दैछौं । वैशाख १८ गते राती भने निकै थाकाई लागेकोले जंगलमा बस्यौं । कहाँ कुन ठाउँ हो, थाहा भएन । नजिकै पानी भएकाले त्यहाँ बसेका थियौं । पानीसँगै अलिअलि आफुसँग भएको खानेकुरा खायौं । वैशाख १९ गते विहान १२ बजे बल्ल नेपाल भारत सिमाना गड्डाचौकी नजिकै आईपुग्यौं । उक्त बजार टनकपुरबाट ३ किलोमिटरको दुरीमा पर्दछ । तर, त्यहाँ प्रहरीले रोक्यो । रातभर खुला चौरमा बित्यो । लामखुट्टेले टोकेर हैरान पारे । थोरै खानेकुरा दिए । मानौं तिनिहरुले हामीलाइ भोक जिस्काउन त्यती खानेकुरा दिएका थिए । अर्थात हामी बाँच्नका लागिमात्रै खाना खान्छौं । भोलिपल्ट सुरक्षाको लागि भनेर प्रहरीले टनकपुर नजिकै एउटा कोठामा लगेर राख्यो । अलिअलि खाना दियो । पानी खान चाहिँ अड्कलेर खानुपर्ने । त्यहाँ ५ दिन बस्यौं । त्यसपछि त्यहाँबाट हिँड्यौं । सिमानाबाट ३ देखि ४ हजार भाडा तिरेर दैलेख आयौं । भारतबाट हिँडेको १२ दिनमा गाउँ आइपुग्यौं ।

गाउँमा कामकाज केही छैन । यहाँका अधिकांश गाउँलेहरु कामकाज खोज्न भारत नै जान्छन् । म १२ दिन हिँडेर भारतबाट घर आईपुगे, अब गाउँ छोडर जान नपरे हुन्थ्यो जस्तो लाग्छ । तर, गाउँमा रोजगारी सृजना हुने कुनै लक्षण देखिदैन । घरपरिवार पाल्नै पर्छ । कहिले स्थीती सामान्य होला र, रोजगारीको लागि फेरी भारत जाउँला जस्तो भएको छ । सरकारले हाम्रो बारे कहिले सोच्ला ?



**बालाराम आचार्य**

*चामुण्डा बिन्द्रासैनी नगरपालिका १ दैलेख*

# बागमती प्रदेश अझै उच्च संक्रमणको जोखममा

## प्रदेश अनुसार कोभिड - १९ का सकृय संक्रमित, सञ्चो भएका र मृत्यु भएकाहरुको संख्या




माथिको ग्राफमा नेपालको प्रदेश अनुसार कोभिड - १९ का सकृय संक्रमित, सञ्चो भएका र मृत्यु भएकाहरुको संख्यालाई देखाईएको छ । प्रस्तुत तथ्यांकले खतराको संकेत गर्दछ । अहिलेको कुल सकृय संक्रमित मध्ये ६२ प्रतिशत सकृय संक्रमित बागमती प्रदेशका मात्र छन् । त्यसमा पनि बढी संख्या काठमाण्डौ उपत्यकाको छ । तर, सञ्चो हुनेको तथ्यांक हेर्ने हो भने, जम्मा संख्या मध्ये बागमती प्रदेशको मात्र ४२ प्रतिशत छ । आजको मिति सम्म लगभग आधा जती कोभिड - १९ बाट संक्रमित बागमती प्रदेशमा मात्र फेला परेकाछन् । त्यसै गरेर कोभिड - १९ बाट मृत्यु हुने ४५ प्रतिशत व्यक्ति पनि बागमती प्रदेशका छन् । अहलेको सकृय संक्रमित, सञ्चो हुने र मृत्यु हुनेको तुलनात्मक अनुपातले आगामी दिनमा संक्रमण अझै बढ्ने संकेत गर्दछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs